# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०९ गते

# प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

जाजरकोट जिल्लाको साविक दशेरा गाविस वडा नं. ७ र ८ स्थित ओग्ले अम्राईपाखा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष नैनाराम जैसीले आर्थिक वर्ष २०६६/०६७ देखी २०६९/०७० सम्मको वनको आम्दानी रकम रु.७,००,०००।- विना प्रक्रिया चेक काटी खाएको बोटबिरूवा खरिद र वृक्षारोपण पारिश्रमिक भुक्तानी समेतका नक्कली बिल, भरपाई तयार गरी आर्थिक अनियमितता तथा भ्रष्टाचार गरेको हुँदा कारबाही गरीपाउँ भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा निज उपभोक्ता समितिका अध्यक्ष नैनाराम जैसीले बिद्यालयको सामान खरिद तथा ढुवानी खर्च, सामुदायिक वनको लागि वृक्षारोपण नै नगरी वृक्षारोपण गर्न बोटबिरुवा खरिद तथा वृक्षारोपण पारिश्रमिक भुक्तानी दिएको नक्कली बिल भर्पाई तयार गरी जम्मा रु.८७,०००।- (सतासी हजार) रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई विगो रु.८७,०००।- (सतासी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता